२६औ बैठक

आज मिति २०७५।०९।१२ गतेका दिन दिउँसो २:०० बजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसि देहाय अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

क्र.सं.	नाम	पद	हस्ताक्षर	कैफियत
१	श्री नृप बहादुर वड	नगर प्रमुख		
२	श्री शुसिला मिश्र भट्ट	नगर उप-प्रमुख		
३	सन्तोष मुडभरी	कार्यपालिका सदस्य		
४	नर बहादुर बम	कार्यपालिका सदस्य		
५	बल बहादुर ऐर	कार्यपालिका सदस्य		
६	दिपक कुमार थाप क्षेत्री	कार्यपालिका सदस्य		
७	हिरा सिंह पालनी	कार्यपालिका सदस्य		
८	भागीराम चौधरी	कार्यपालिका सदस्य		
९	सिताराम राना	कार्यपालिका सदस्य		
१०	नारायण बराल	कार्यपालिका सदस्य		
११	प्रेम भण्डारी	कार्यपालिका सदस्य		
१२	राजेन्द्र राना	कार्यपालिका सदस्य		
१३	गंगा राम राना	कार्यपालिका सदस्य		
१४	गणेश प्रसाद जोशी	कार्यपालिका सदस्य		
१५	विजय राज जोशी	कार्यपालिका सदस्य		
१६	राम बजारी चौधरी	कार्यपालिका सदस्य		
१७	फुल राम चौधरी	कार्यपालिका सदस्य		
१८	लक्ष्मी नारायण चौधरी	कार्यपालिका सदस्य		
१९	माधव राना	कार्यपालिका सदस्य		
२०	मुरारी अधिकारी	कार्यपालिका सदस्य		

२१	तिलुराम चौधरी	कार्यपालिका सदस्य		
२२	सिता राना	कार्यपालिका सदस्य		
२३	बसन्त कुमार ठाकुर	कार्यपालिका सदस्य		
२४	कल्याणी सिंह	कार्यपालिका सदस्य		
२५	गीता पन्त	कार्यपालिका सदस्य		
२६	यशोधा भण्डारी	कार्यपालिका सदस्य		
२७	प्रेम बहादुर बि.क.	कार्यपालिका सदस्य		
२८	रिस्नी देवी चौधरी	कार्यपालिका सदस्य	रिस्नी	
२९	प्रेम सिंह बिस्वकर्मा	कार्यपालिका सदस्य		
३०	चक्र पाणी पाण्डे	सचिव		

प्रस्ताब नं. :- २६ .१- शोक प्रस्ताब पारितसम्बन्धमा ।

निर्णय नं. २६.१ :-

यस धनगढी उप- महानगरपालिकाका नगर प्रमुखका बुवाको मिति २०७५/०८/१९ गतेका दिन ८५ बर्षको उमेरमा असामयिक निधन भएकोले मृतक आत्माको चिर शान्तिको कामना सहित परिवार प्रति हार्दिक समबेदना प्रकट गर्दै शोक प्रस्ताब पारित गरियो । साथै यस धनगढी उप- महानगरपालिकाका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अमिन राजेन्द्र शाहको मिति २०७५/०८/२३ गतेका दिन उपचारका क्रममा असामयिक निधन भएकोले मृतक आत्माको चिरशान्तिको कामना सहित परिवार प्रति हार्दिक समबेदना प्रकट गर्दै शोक प्रस्ताब पारित गरियो ।

प्रस्ताब नं. :- २६ .२- स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा ।

निर्णय नं. २६.२ :-

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी समायोजन शाखा को च.नं.२२ मिति २०७५/०८/२४ को पत्र तथा कर्मचारी समायोजन अध्यादेश ,२०७५ को दफा ६ को उपदफा (४)बमोजिम कर्मचारीलाई समायोजन पत्र दिने सम्बन्धमा छलफल भयो ।

प्रस्ताब नं. :- २६ .३- उपभोक्ता तथा ठेकेदार बाट हुने निर्माण कार्यको अन्तिम समय तालिका का साथै सम्झौताको अन्तिम मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं. २६.३ :-

यस उ.म.न.पा.को स्वीकृत बार्षिक कार्यक्रमको उपभोक्ता तथा निर्माण व्यबसायीबाट गरिने कार्यक्रमको सम्झौताका लागि सबै वडाहरुमा पुष मसान्त भित्र पत्र पठाउने,माघ मसान्त भित्र सम्झौता सम्पन्न गर्ने र बैशाख मसान्त सम्म कार्य सम्पन्न हुने गरी निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताब नं. :- २६ .४- शिक्षा समितिको सिफारिस अनुसार राष्ट्रिय मा.बि.को नाम परिबर्तन सम्बन्धमा ।

निर्णय नं. २६.४ :-

यस धनगढी उप- महानगरपालिका वा.नं.४ उत्तरबेहडीमा अबस्थित राष्ट्रिय मा.बि.उत्तरबेहडीलाई तुलसी राम जोशीले रु ७०,००,०००/-(अक्षेरुपी सत्तरी लाख)नगद सहयोग गरे बाबत नगर शिक्षा समितिको सिफारिसको आधारमा बिद्यालयको नाम परिबर्तन गरी राष्ट्रिय तुलसीराम मा.बि. उत्तरबेहडी नामाकरणका लागि श्री शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.२६ .५- सुरक्षित आप्रवासन सोतकेन्द्र संचालन सम्बन्धमा ।

निर्णय नं. २६.५ :-

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ९९ मिति २०७५/०८/०६ को पत्रानुसार सुरक्षित आप्रवासन सोतकेन्द्र स्थानीय परियोजना यस उ.म.न.पा.मा हस्तान्तरण हुने हुँदा असोज १ गते देखि नै त्यहाँ कार्यरत दुई जना

परामर्श कर्तालाई नियमानुसार पारिश्रिक दिने गरी सम्झौता गरी आप्रवासन श्रोत केन्द्र अझ प्रभाबकारी रुपले संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२६ .६ -अपांग भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि सम्बन्धमा ।

निर्णय नं. २६.६ :-

अपांग भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि सम्बन्धमा बैठकमा छलफल गरियो ।

प्रस्ताव नं.२६ .७- खाना खाजा खर्चसम्बन्धमा ।

निर्णय नं. २६.७ :-

गरिब घरपरिवार परिचय पत्र वितरण कार्यक्रममा खटिएका कर्मचारीहरुको खाना खाजा खर्च वाफतको रकम सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं.२६ .७- सामाजिक सुरक्षाको रकम दाखिला सम्बन्धमा ।

निर्णय नं. २६.७ :-

आ.ब.२०७४/०७५ को सामाजिक सुरक्षा तर्फको बचत रकम ७३,८९०००/- (अक्षरुपी त्रिहत्तर लाख उनासी हजार) केन्द्रीय संचित कोषमा जम्मा गर्नुपर्नेमा स्थानीय संचित कोषमा राखिएकोले तल्काल उक्त रकम केन्द्रीय संचित कोषमा जम्मा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२६ .८- सरसफाई कर्मिको यातायात (साईकिल)सम्बन्धमा ।

निर्णय नं. २६.८ :-

धनगढी उप-महानगरपालिका कार्यालयमा सरसफाई तर्फका कर्मचारीलाई यातायातको सुविधाका लागि साईकल उपलब्ध गराउदा बिगतमा साईकल प्राप्त गरी पाँच वर्ष सम्म सोहि साईकल चलाईरहेका सरसफाईकर्मी लाई पुरानो साईकल दाखिला गर्न लगाई हाललाई ८ (आठ) जनालाई नयाँ साईकल उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.२६ .९- अबलोकन भ्रमणको अपुग रकम सम्बन्धमा ।

निर्णय नं. २६.९ :-

कृषि अबलोकन भ्रमण कंचनपुरको मुन्दरपुर र छिमेकी भारतको उत्तराखंडको पन्तनगरमा (२०७५ आश्विन १५ देखि १८ सम्म) शिखर व्यबसायिक कृषि समूह का सदस्यहरु कार्यक्रमको भ्रमणमा सहभागी भै आएकोमा उक्त भ्रमण कार्यक्रममा अपुग रकम ४००००/- (अक्षरुपी चालिस हजार मात्र) स्वीकृत कार्यक्रम अन्तर्गत भ्रमण शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताब नं.२६ .१० –टोल विकास संस्था गठन सम्बन्धमा।

निर्णय नं. २६.१० :-

टोल विकास संस्थालाई सबल सक्षम बनाई समाज परिचालकको माध्यमले सामाजिक रुपान्तरण तथा समग्र बिकासमा सम्पूर्ण नगरबासीको सहभागिता अभिवृद्धिका लागि टोल विकास संस्थालाई आबश्यकता अनुसार पुर्नगठन गर्ने निर्णय गरियो।

प्रस्ताब नं.२६ .११ –आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं. २६.११ :-

आर्थिक सहयोग दिने कार्यलाई ब्यबस्थित गर्ने उद्देश्यले आर्थिक सहायता कार्यविधि २०७४ बमोजिम मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताब नं.२६ .१२ –ऐलानी प्रति जग्गा ब्यबस्थापन सम्बन्धमा।

निर्णय नं. २६.१२ :-

ऐलानी पर्ति जग्गाको उचित ब्यबस्थापन र ऐलानी पर्ति जग्गामा बर्षौ देखि बसोबास गरी आएका घर परिवारलाई जग्गाधनी प्रमाण-पूर्जा उपलब्ध गराउन कानून निर्माणका लागि प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताब नं.२६ .१३ –नगरपालिका कार्यालय हाताभित्रका रुख कटान सम्बन्धमा।

निर्णय नं. २६.१३ :-

धनगढ़ी उप-महानगरपालिका ,नगर कार्यपालिकाको कार्यालयको(कम्पाउण्ड) हाताभित्र कार्यालय भवन बनाउने कार्यको ठेक्का पट्टा भै निर्माण कार्य अगाडी बढाउने कार्यको लागि प्रस्तावित भवन निर्माण स्थलमा यसै कार्यालयबाट बिगत बर्षमा रोपिएका रुखहरु कटान गर्न नगर प्रमुखबाट भएको निर्णयको समर्थन गर्दै बन डिभिजन कार्यालयको स्वीकृति लिई सके पश्चात काटिएका रुखहरु काठ दाउराको रुपमा लिलाम गरी न.पा.को आम्दानी बाध्ने गर्ने निर्णय गरियो।

प्रस्ताब नं.२६ .१४ - मुद्दामा प्रतिरक्षा गर्न अख्तियारी दिने सम्बन्धमा।

निर्णय नं. २६.१४ :-

जिल्ला कैलाली धनगढी उ.म.पा.वडा नं.४ बस्ने सम्राट सिंह निवेदक धनगढी उ.म.न.वडा नं.४ को वडा कार्यालय समेत बिपक्षी भएको उत्प्रेषण परमादेश (०75-wo-0236) मुद्दामा सम्मानित सर्बोच्च अदालतमा लिखित जवाफ पेश गर्न तथा मुद्दामा प्रतिरक्षा गर्न धनगढी उ.म.न.पा.का कानूनी सल्लाहकार अधिवक्ता भरत बहादुर सिंहलाई अख्तियारी दिने निर्णय गरियो।